# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०३।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, ओमसतिया गाउँपालिका वडा नं. ४ मटेरिया गाउँको मुख्य सडक पी.सी.सी. निर्माण कार्य गर्दा सम्झौता अनुसार काम नगरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला रुपन्देही, ओमसतिया गा.पा., वडा नं. ४, मटेरिया गाउँको मुख्य सडकमा पी.सी.सी. गर्ने कार्यमा लागत अनुमान अनुसारको मोटाईमा ढलान नगरी सोभन्दा कम मोटाइमा ढलान गरेको तर नापी किताब तथा बिल पेश गर्दा फिल्डमा भएको भन्दा समग्र पी.सी.सी. परिमाणमा बढी उल्लेख गरी रु.२,६१,८५५।९० सरकारी रकम हानिनोक्सानी गरेकोले जिल्ला रुपन्देही, ओमसतिया गाउँपालिकाका तत्कालीन **प्रमुख प्रशासकीय अधिकृत राजु नेपाल, इञ्जिनीयर लवकुश चाई र सब इञ्जिनियर सन्तोष भुसालले** फिल्डमा कम काम भएको आइटमको नापी किताबमा बढी परिमाण मूल्याङ्कन गरी चढाएको तथा कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने निजहरु राजु नेपाल, लवकुश चाई र सन्तोष भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) को कसुर गरेको देखिंदा निजहरुलाई बिगो रु.२,६१,८५५।९० (दुई लाख एकसठ्ठी हजार आठ सय पचपन्न रुपैयाँ नब्बे पैसा) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी पाउने मागदाबी लिइएको छ ।

यसैगरी सडक ढलान गर्ने उपभोक्ता समितिका **अध्यक्ष गजराज यादव र सचिव धर्मराज खरविन्दले** फिल्डमा भएको कम कामको बढी मूल्याङ्कन गराई सम्झौता विपरीत कार्य गरी भुक्तानी प्राप्त गरेर बिगो रु.२,६१,८५५।९० हानिनोक्सानी गरी आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (४) बमोजिमको कसुर गरेकोले निजहरु अध्यक्ष गजराज यादव र सचिव धर्मराज खरविन्दलाई बिगो रु.२,६१,८५५।९० (दुई लाख एकसठ्ठी हजार आठ सय पचपन्न रुपैयाँ नब्बे पैसा) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ उपदफा (४) बमोजिम सजाय गरी पाउने मागदाबी लिइएको छ ।

साथै प्रतिवादीहरुबाट गैरकानूनी रुपमा हानिनोक्सानी भएको बिगो रु.२,६१,८५५।९० (दुई लाख एकसठ्ठी हजार आठ सय पचपन्न रुपैयाँ र नब्बे पैसा) निजहरु राजु नेपाल, लवकुश चाई र सन्तोष भुसालबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम र निजहरु गजराज यादव र धर्मराज खरविन्दबाट ऐ. ऐनको दफा ८(४) बमोजिम असुलउपर तथा जफत गरी पाउनसमेत मागदाबी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

सहायक प्रवक्ता
वेदप्रसाद भण्डारी